# सुनिलस्मृती गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा सूचना प्रविधि अधिकृत पदपूर्ति गर्ने सम्बन्धि सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८०/०८/२६)

यस सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त सूचना प्रविधि अधिकृत पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुदाँ देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र माग बमोजिमका कागजात र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ६-२०८०/०८१ | सूचना प्रविधि अधिकृत | स्थानीय सेवाको छैठौं तह वा सो सरह | १(एक) |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क) लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थावाट Computer वा ICT वा सो सरहका कुनै विषय लिई स्नातक(BIT,BIM,BE in Electronics and Communication,BBIS,BCA,BCIS,BEIT,Bsc.IT,Bsc. CSIT)

ख) दरखास्त दिने अन्तिम मितिमा उमेर २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको

ग) कुनै कानुनले अयोग्य नरहेको

घ)दरखास्त दिने स्थान र माध्यमः सुनिलस्मृति गाउँकार्यपालिकाको कार्यालय,सुलिचौर रोल्पा वा admin@sunilsmritimun.gov.np मार्फत

ङ) दरखास्त दिने अन्तिम दिनः प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र(मिति २०८०/०९/१० गते कार्यालय समय भित्र)

च) आवेदन दस्तुरः रु.१०००/-(एक हजार रुपैया)(ग्लोबल आइ.एम.ई बैङ्क सुलिचौर शाखामा रेहेको आन्तरिक राजस्व खाता नं ०८२०४०१००००१८ मा जम्मा गरेको भौचर पेश गर्नुपर्ने)

छ)छनोटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन/लिखित परीक्षा/ प्रयोगात्मक परीक्षा

ज)आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयंमले प्रमाणित गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,सम्वन्धित क्षेत्रको अनुभव भए सो कागजातको प्रतिलिपि,३ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

झ) सेवा शर्त र सुविधाः स्थानीय तहको छैटौं वा सो सरहको पारिश्रमिक तथा अन्य शर्त करार सम्झौता वमोजिम।

ञ)दरखास्त फारम र पाठ्यक्रमः कार्यालयको वेवसाइट www.sunilsmritimun.gov.np मा उपलब्ध छ।

ट) थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नुहोला।

२०८०/८/२६

(मोतिम आलम)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

नोटः- दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।